# श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्षको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७ चोहर्वा (सिराहा)
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.com.np

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धि सूचना

(मिति २०८१/०४/०८ गते कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित सूचना संशोधन गरिएको)

आदरणीय शेयरधनी महानुभाव ज्यूहरु,

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. को सञ्चालक समितिको मिति २०८१ साल श्रावण ४ गते बसेको १०९ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

सभा हुने मिति : २०८१ साल श्रावण ३२ गते शुक्रवार ( तदनुसार अगष्ट १६, २०२४)

सभा हुने समय : विहान ११ बजे देखि ।

सभा हुने स्थान : विनायक होटल, बर्दिवास, महोत्तरी

### साधारण सभामा छलफलका बिषयहरु :

### साधारण वा सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार वित्तीय संस्थाको आ.व. ०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सदस्यको निर्वाचन गर्ने सम्बन्धमा ।

५. सञ्चालक समितिले पाउने बैठक भत्ता तथा दैनिक भ्रमण भत्ता थप निर्धारण गर्ने सम्बन्धमा ।

६. विविध ।

### विशेष प्रस्तावहरु :

१. नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट कुनै बिषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने सम्बन्धमा ।

२. कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती /समाहित (Acquisition) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पति तथा दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक तथा निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धित आवश्यक कार्यहरु गर्नको लागि सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. विविध ।

**वार्षिक साधारण सभा सम्बन्धि थप अन्य जानकारीहरु :**

१. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरुले आ-आफनो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

२. हाजिरी पुस्तिका विहान ९:00 बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धि निवेदन साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै विहान ९:00 बजे भित्र यस संस्थाको केन्द्रिय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा सिराहामा दर्ता गराई सक्नु पर्नेछ ।

४. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजवाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिईने छ ।

५. साधारण सभा सम्बन्धि जानकारी वित्तीय संस्थाको वेवसाइट www.shrijanshil.org बाट लिन सकिनेछ ।

६. साधारण सभा सम्बन्धि काम कारवाही कम्पनी ऐन, २०६३, नियमावली तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

दृष्टव्य :

यस पाँचौ वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८१/०४/२१ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०४/२० गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री लक्ष्मी सनराईज क्यापिटल लि. कमलपोखरी, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

# प्रोक्सी फारम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.

गोलबजार न.पा. ७, चोहर्वा (सिराहा)

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

........................ जिल्ला, .............................. म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. वडा नं. .... बस्ने म/हामी ................................. ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०८१ साल श्रावण ३२ गते शुक्रवारका दिन हुने पाचौँ वार्षिक साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..................... जिल्ला ..................................... न.पा./गा.पा. वडा नं ........ बस्ने त्यस कम्पनीको शेयरवाला श्री .............................................................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

| | |
|---|---|
| | निवेदक |
| प्रतिनिधि नियुक्त भएको व्यक्तिको | दस्तखत |
| हस्ताक्षरको नमूना : | नाम : |
| शेयरधनी नं. : | ठेगाना : |
| हितग्राही खाता नं. : | शेयरधनी नं. : |
| मिति : | हितग्राही खाता नं. : |
| | शेयर संख्या : |

**द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा ७२ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि फाराम रद्द गरिनेछ ।**